# लैंगिक भेदभाव अध्यादेशर म

**Q: लैंगिक भेदभाव अध्यादेश (SDO) के हो?**

A: सन १९९५ मा पारित गरिएको SDO एउटा भेदभाव विरुद्धको कानून हो । यसअनुसार लिंग, वैवाहिक स्थिति र गर्भावस्था, तथा यौन उत्पिडनका आधारमा भेदभाव गर्नु गैरकानूनी हुनेछ। यी संरक्षणहरू विभिन्न क्षेत्रमा लागु हुन्छ। पुरुष तथा महिला दुवैमा यो कानून लागु हुन्छ।

भेदभाव र उत्पीडनलाई अन्त्य गर्ने साथै महिला र पुरुषमाझ समान अवसरको प्रवर्द्धन गर्ने कार्यका लागि समान अवसर आयोगको स्थापना गर्ने प्रावधान पनि SDO मा छ।

**Q: कुन कुन क्षेत्रमा मलाई संरक्षण दिइएकोछ?**

A: तपाईंलाई निम्न क्षेत्रहरूमा संरक्षण दिइएकोछः

-- रोजगार
-- शिक्षा
-- वस्तु, सुविधा तथा सेवाहरूको प्रावधान
-- परिसर व्यवस्थापन तथा विक्री
-- सल्लाहकारी निकायहरूमा नियुक्त अथवा निर्वाचित हुने तथा मतदानमा भाग लिने योग्यता
-- क्लबहरूमा सहभागिता
-- सरकारी क्रियाकलापहरू

**Q: के हंगकगका समस्त रोजगारदाताहरूमा SDO लागु हुन्छ?**

A: उनीहरूका कर्मचारीहरूले आफ्नो काम पूर्ण रुपमा अथवा मुख्यत हंगकंगबाहिर गर्नेअवस्थामा बाहेक SDO हंगकंगका समस्त रोजगारदाताहरूमा लागु हुन्छ।

## SDO अन्तर्गत अवैधानिक कार्यहरू

**Q: भेदभाव के हो?**

A: भेदभाव दुइ प्रकारका हुन्छन् - प्रत्यक्ष भेदभाव तथा अप्रत्यक्ष भेदभाव।

कुनै अर्को व्यक्तिका तुलनामा कुनै विपरित लिंगको, भिन्दै वैवाहिक स्थिति भएको, अथवा गर्भवती भएका व्यक्तिलाई कम अनुकूल व्यवहार गरिएमा प्रत्यक्ष भेदभाव भएको हुनेछ ।

उदाहरणका लागि, कुनै अर्को लिंगका व्यक्तिलाई काममा नियुक्त गर्न चाहेका कारण तपाईँलाई जागिरमा अस्वीकार गरि एमा। यदि तपाईँ अविवाहित गर्भवती हुनुहुन्छ र कानूनी रुपमा विवाहित व्यक्तिलाई मात्र प्रसुति सुविधा दिइनेछ भनेर रोजगारदाताले भनेमा। तपाईँलाई आफ्नो सुत्केरी विदाका अन्तमा बर्खास्त गरिएमा गर्भावस्था भेदभाव भएको हुनेछ।

प्रत्येक व्यक्तिमाथि समान, तर व्यावहारिक रुपमा कुनै विशेष लिंग या वैवाहिक स्थितिका व्यक्ति तथा गर्भवती व्यक्तिहरूलाई प्रतिकुल असर गर्ने तथा न्यायसंगत नहुने , कुनै शर्त या आवश्यकताहरू लागु गरिएमा अप्रत्यक्ष भेदभाव भएको हुनेछ। उदाहरणका लागि, यदि तपाईँ गर्भवती भएको कारणले अतिरिक्त समय काम गर्न नसकेमा तपाईँका रोजगारदाताले तपाईँलाई सजाय दिएमा। यदि तपाईँको रोजगारदाताले अतिरिक्त समय काम गर्नु आवश्यक भएको उचित कारण दिन नसकेमा, यो अप्रत्यक्ष भेदभाव भएको हुनेछ।

**Q: के कुनै रोजगारदाताले मेरो लिंगका आधारमा मलाई नियुक्त गर्न अस्वीकार गर्न सक्नेछ?**

A: कुनै पनि रोजगारदाताले कुनै जागिरका आवेदक अथवा कर्मचारीमाथि उनीहरूको लिंगका आधारमा भेदभाव गर्नु गैरकानुनी हुनेछ। तैपनि, जागिरको लागि कुनै व्यक्तिको लिंग वास्तविक व्यावसायिक योग्यता (GOQ) भएमा, यो गैरकानुनी हुनेछैन। अर्थात, यदि कुनै काम महिला या पुरुषले मात्र गर्न सक्ने भएमा। यो कुरा तथा पुरुषहरू क्लर्कको कामको लागि या महिलाहरू म्यानेजरको कामको लागि योग्य हुँदैनन भन्ने रोजगारदाताको सोचाइ एउटै होइन। आवश्यकीय कारणहरूले गर्दा कुनै विशेष लिंगका व्यक्तिले मात्र यो काम गर्न सक्नेछ भनेर GOQ ले देखाउनुपर्नेछ। जस्तै, कुनै निवृत्त गृहमा महिलाहरूका विशेष हेरचाहका लागि महिला सुसारेहरू नियुक्त गर्ने विचार गर्नसक्नेछ।

**Q: के वास्तविक व्यावसायिक योग्यता (GOQ) एउटा स्वत अपवाद हो?**

A: होइन, लैंगिक भेदभावका लागि वास्तविक व्यावसायिक योग्यता (GOQ) एउटा स्वत अपवाद होइन। उक्त कामका लागि GOQ नितान्त रुपमा आवश्यक थियो भनेर रोजगारदाताले देखाउनुपर्नेछ।

**Q: के कुनै रोजगारदाताले कुनै जागिरका आवेदक लाई गर्भवती भएको कारणमा नियुक्त गर्न अस्वीकार गर्न सक्नेछ?**

A: गर्भवती भएको कारणमा कुनै जागिरका आवेदकलाई भेदभाव गर्नु गैरकानूनी हुन्छ। यदि कुनै गर्भवती महिला सर्वाधिक योग्य उमेदवार भएमा उनलाई नै जागिरमा राख्नुपर्नेछ। तैपनि, उक्त काम यदि छोटो अवधिभित्रमा गरिसक्नुपर्ने अस्थायी प्रकारको भएमा, गर्भवती महिलालाई काममा नियुक्त नगर्नु रोजगारदाताका लागि उचित हुनसक्नेछ।

**Q: के मेरो लिंग, गर्भावस्था अथवा वैवाहिक स्थितिका आधारमा कुनै शैक्षिक संस्था अथवा सेवा प्रदाताले मलाई सेवा अथवा सुविधा प्रदान गर्नबाट अस्वीकार गर्न सक्नेछ?**

A: लिंग, गर्भावस्था अथवा वैवाहिक स्थितिका आधारमा कुनै सेवा प्रदाताले वस्तु, सेवा अथवा सुविधाहरू प्रदान गर्न अस्वीकार गर्नु गैरकानूनी हुन्छ। सोहि आधारमा कुनै शैक्षिक संस्थाले विद्यार्थीलाई भर्ना दिन नमान्नु या निकाल्नु पनि गैरकानूनी हुन्छ।

**Q: लैंगिक उत्पिडन के हो?**

A: लैंगिक उत्पिडन दुइ प्रकारका हुन्छन्। पहिलोमा हिंसात्मक, अपमानजनक अथवा भयपूर्ण हुने कुनैपनि अनपेक्षित यौन व्यवहार या कार्य पर्दछ।

दोस्रो, तपाईँलाई काम गर्न गाह्रो बनाउने यौनजन्य प्रकृतिका क्रियाहरू, भाषाहरू या चित्रहरू भएका कुनै कार्य परिवेश हुनसक्नेछ। यसलाई "लैंगिक रुपमा प्रतिकूल कार्य परिवेश " भनिन्छ।

**Q: गर्भावस्था भेदभाव के हो?**

A: निम्न कार्यहरूलाई गर्भावस्था भेदभाव भन्न सकिन्छः

-- कुनै रोजगारदाताले गर्भवती महिलालाई नियुक्त गर्न अस्वीकार गर्दछ;

-- कुनै रोजगारदाताले गर्भवती महिलालाई बर्खास्त गर्दछ अथवा कम तलव पाउने पदमा सरुवा गर्दछ;

-- कुनै रोजगारदाताले गर्भवती महिलालाई उनी सुत्केरी विदाबाट फिर्ता आएपछि बर्खास्त गर्दछ।

**Q: वैवाहिक स्थिति भेदभाव के हो?**

A: कुनै विशेष वैवाहिक स्थितिको मांग गरिएमा वैवाहिक स्थिति भेदभाव भएको हुनेछ। जस्तै, घरमालिकले विवाहित व्यक्तिका लागि मात्र घर भाडामा लगाउने भएमा। यदि कुनै रोजगारदाताले एक्लो, विवाहित अथवा सम्बन्ध विच्छेद भएका व्यक्तिहरूलाई फरक फरक सुविधाहरू दिएमा।

**Q: उजुरी दर्ता गर्ने मेरा कुनै मित्र या सहकर्मीका लागि मैले साक्षी दिएको अथवा सूचना उपलब्ध गराएकोमा म माथि नराम्रो व्यवहार भएमा के ईओसीले मलाई मद्दत गर्न सक्छ?**

A: हो, उजुरीकर्तालाई सहयोग गरेकोमा तपाईँमाथि नराम्रो व्यवहार भएमा तपाईँले पनि "पीडित बनाइएको" को उजुरी दर्ता गर्न सक्नुहुनेछ। यदि यसो हुन गएमा, तपाईँलाई कानून अन्तर्गत संरक्षण प्रदान हुनेछ तथा तपाईँको मित्र या सहकर्मीको उजुरीमाथि कारवाही चलाउने निकायमा तुरन्तै सूचना दिनुपर्नेछ।

**Q: के SDO सरकारमा पनि लागु हुन्छ?**

A: हो, SDO को प्रावधान सरकारमाथि पनि लागु हुन्छ। तैपनि, केहि क्षेत्रहरूलाई भने कानूनले छुट दिएको छ। यिनिहरूमा निम्न पर्दछन्:

-- कुनै पनि अध्यागमन सम्बन्धी कानून अन्तर्गत गरिएको कार्यमा

-- हंगकंगमा प्रवेश अथवा यहाँबाट प्रस्थानमा

-- अन्य प्रचलित वैधानिक प्रावधानहरूको पालना गर्ने सम्बन्धमा गरिएको कार्यमा

## ईओसीमा उजुरी दर्ता गर्ने

**Q: ममाथि भेदभाव गरिएको भन्ने लागेमा मैले के गर्न सक्नेछु?**

A: तपाईंले निम्न एक या बढी कदमहरू चाल्न सक्नुहुनेछः

-- यदि जागिरका बारेमा उजुरी भए , तपाईंले आफ्नो संस्थाको व्यवस्थापनमा उजुरी गर्न सक्नुहुनेछ अथवा तपाईंको कर्मचारी संगठन या संस्थाबाट मद्दतको अन्य उपायहरू खोज्न सक्नुहुनेछ।

-- यदि वस्तु, सेवा या सुविधा प्रदान गर्ने सम्बन्धमा अथवा शैक्षिक संस्थानका सम्बन्धमा उजुरी भए, तपाईंले सेवा प्रदायककहाँ उजुरी दर्ता गर्न सक्नुहुनेछ अथवा सुधारका लागि अनुरोध गर्न सक्नुहुनेछ।

-- समान अवसर आयोगमा उजुरी दर्ता गर्न सक्नुहुनेछ।

-- तपाईंको मुद्दालाई अदालतमा लान सक्नुहुनेछ।

कुनै घट्नाहरू घट्न गएमा त्यसको विवरण तपाईंको स्मृतिमा ताजा छदैँ टिपोट गर्नुहोस्।पछि गएर तपाईंलाई उजुरी गर्नु परेमा वा अदालती कारबाही गर्न परेमा यस जानकारीले सहायता गर्नेछ।

**Q: मैले ईओसीमा उजुरी कसरी दर्ता गर्नसक्छु तथा यसो गरेपछि के हुनेछ?**

A: उजुरी लिखित रुपमा दर्ता गर्नुपर्नेछ। तपाईंले स्वयं लेख्न अथवा कसैलाई लेख्न लगाउन सक्नुहुनेछ। तपाईंले उजुरी फाराम हाम्रो वेबसाइटबाट डाउनलोड गर्न सक्नुहुनेछ वा मद्दतको लागि हाम्रो हटलाईनमा फोन पनि गर्न सक्नुहुनेछ।

उजुरी प्राप्त भएपछि, ईओसीले पहिला उजुरीमाथि छानबीन गर्छ र यसलाई खारेज गर्ने या मध्यस्तताको प्रक्रियाका लागि अगाडी बढाउने भनेर निर्णय गर्छ।

**Q: के व्यक्तिहरूका समूहले एउटै उजुरी दर्ता गर्न सक्नेछन्?**

A: सकिन्छ, उजुरीकर्ता कोहि एकजना व्यक्ति , व्यक्तिहरूका समूह अथवा कुनै अन्य निकाय हुनसक्नेछ।

**Q: के म कुनै पीडित व्यक्तिको प्रतिनिधित्व गर्न सक्छु?**

A: हो, तपाईँले कुनै पीडित व्यक्तिको प्रतिनिधित्व गर्न सक्नुहुन्छ। प्रतिनिधि उजुरीकर्ताले पीडित व्यक्तिबाट आफुलाई उजुरी दर्ता गर्ने अधिकार प्राप्त भएको प्रमाण देखाउनुपर्नेछ।

**Q: यदि मैले उजुरी दर्ता गर्न चाहेमा, के के जानकारीहरू उपलब्ध गराउनु पर्नेछ?**

A: तपाईँले उजुरी लिखित रुपमा दर्ता गर्नुपर्नेछ तथा तलका जानकारीहरू उपलब्ध गराउनु पर्नेछः

-- विवरण तथा उपयुक्त मितिहरू

-- तपाईँको व्यक्तिगत सूचना(नाम, सम्पर्क विवरण, लिंग, गर्भावस्था अथवा वैवाहिक स्थिति आदि

-- विपक्षी(हरू)को नाम (व्यक्ति अथवा कम्पनीको नाम) तथा सम्पर्क विवरण

-- भेदभाव, लैंगिक उत्पिडन अथवा पीडित बनाइने कार्यबारे तपाईँको दावीलाई समर्थन गर्ने जानकारीहरू

-- भेदभावपूर्ण व्यवहारका कारणबाट तपाईँले भोग्नुभएको कुनै हानिया भावनात्मक क्षतिको विवरण

-- साक्षी (हरू)बारे जानकारी

लिखित उजुरी तयार गर्न तपाईँलाई गाह्रो भएमा ईओसीका कर्मचारीहरूले तपाईँलाई मद्दत गर्न सक्नेछन्।

## छानबीन र मध्यस्तता

**Q: ईओसीले कुनै उजुरीको छानबीन कसरी गर्दछ?**

A: कानूनी रुपमा ईओसीले उजुरीको छानबीन गर्नुपर्दछ ।उजुरीकर्ताको उजुरीहरूलाई विपक्षीकहाँ टिप्पणीका लागि पठाइनेछ । त्यसपछि विपक्षीका प्रतिक्रियाहरू उजुरीकर्तालाई उपलब्ध गराइनेछ। मुद्दा खारेज गर्ने या मध्यस्तताको प्रक्रियाका लागि कारवाही गर्ने भनेर निर्णय गर्न पूनरावलोकनका लागि साक्षीका वयानहरू लिइनेछ तथा सम्बन्धित सामग्रीहरू संकलन गरिनेछ। छानबीनका अवधिमा एकत्रित सबै जानकारीहरू तेस्रो पक्षबाट गोप्य राखिनेछ तर अदालती कारवाहीमा भने प्रयोग गर्न सकिनेछ।

**Q: ईओसीले कुन कुन परिस्थितिहरूमा मेरो उजुरीमाथि छानबीन बन्द गर्नसक्छ?**

A: ईओसीले निम्न परिस्थितिहरूमा उजुरीमाथि छानबीन नगर्ने अथवा खारेज गर्ने निर्णय लिनेछः

-- उजुरी गरिएको कार्य SDO अन्तर्गत गैरकानूनी नभएमा

-- पीडित व्यक्ति छानबीन अगाडी बनाउन इच्छुक नभएमा

-- उक्त कार्य गरिएको १२ महिनाभन्दा बढी वितिसकेको भएमा

-- उजुरीमाथि उचित तरिकाले प्रतिनिधि उजुरीको रुपमा कारवाही गर्न नसकिने भएमा

-- उजुरी तुच्छ, दुख दिने नियतको, भ्रमजनित अथवा आधारहिन भएमा

**Q: ममाथि भेदभाव गरिएको भन्ने मलाई लागेमा, उजुरी दर्ता गर्ने कुनै समय सीमा रहनेछ?**

A: यदि तपाईँले ईओसीमा उजुरी दर्ता गर्न चाहेमा, तपाईँले घट्ना भएको १२ महिनाभित्र यसो गरिसक्नुपर्नेछ । यदि तपाईँले जिल्ला अदालतमा कानूनी प्रक्रिया चलाउने विचार गरेमा , तपाईँले घट्ना भएको २४ महिनाभित्र यसो गरिसक्नुपर्नेछ।

**Q: ईओसीले कुनै मुद्दाको मध्यस्तता कसरी गर्दछ?**

A: मध्यस्तताकर्ताले दुवै पक्षलाई उजुरीको कारक समस्याको जाँच गर्न, सहमतिका बुँदाहरूको पहिचान गर्ने तथा विवादकोसमाधानको लागि सम्झौता गर्न सहयोग गर्नेछन्। कानूनअनुसार ईओसीले पहिला मुद्दाको छानबीन गर्नु तथा मध्यस्तताका माध्यमबाट मुद्दाको समाधान गर्ने प्रयास गर्नुपर्नेछ ।मध्यस्तता एउटा स्वेच्छिक प्रक्रिया हो । मध्यस्तताकर्ताले कुनैपनि पक्षका लागि वकालत नगरेर उनीहरूको समस्याको समाधानका लागि मद्दत गर्ने एकजना निष्पक्ष सहजकर्ताका रुपमा काम गर्नेछन् । समाधान फरक फरक प्रकारका हुनसक्छन् जस्तैः क्षमा याचना, आर्थिक क्षतिपुर्ति, समान अवसर नीतिको कार्यान्वयन । मिलापत्र कुनै करार समान हुने तथा वैधानिक रुपमा बाँधिएको हुनेछ।थप जानकारीका लागि मध्यस्ततबारेको ईओसीको पुस्तिका पढ्नुहोस्।

**Q: यदि मध्यस्तता असफल भएमा ईओसीले मेरो लागि के गर्न सक्नेछ?**

A: यदि उजुरीको मध्यस्ततद्वारा समाधान गर्न नसकिएमा, अदालतमा जाने कानूनी सहायताका लागि तपाईँले ईओसीमा आवेदन गर्न सक्नुहुनेछ ।सहायताहरूमा कानूनी सल्लाह, ईओसीको वकिलहरूद्वारा प्रतिनिधित्व, बाहिरका वकिलहरूद्वारा प्रतिनिधित्व अथवा ईओसीलाई उचित लागेको अन्य कुनै पनि प्रकारको सहायताहरू पर्दछन् । ईओसीको एउटा समिति ले सबै आवेदनहरूमाथि विचार गर्दछ।

**Q: के म ईओसीमा नगएर सोझै अदालतमा जान सक्नेछु?**

A: हो, ईओसीमा नगएर कोहिपनि सोझै अदालतमा गएर कानूनसम्मत सार्वजनिक प्रक्रिया शुरू गर्न सक्नेछन्।

## ***अन्य जानकारीका लागि कृपया सम्पर्क गर्नुहोस्ः***

Equal Opportunities Commission
16/F., 41 Heung Yip Road,
Wong Chuk Hang, Hong Kong

टेलिफोन : 2511 8211

फ्याक्स : 2511 8142

वेबसाइटः http://www.eoc.org.hk

2008